सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम

# २०७९ कार्तिक, मंसिर र पुष महिनामा सम्पादित प्रमुख क्रियाकलापहरु (स्वत: प्रकाशन) को विवरण




## लोक सेवा आयोग

कमलपोखरी, काठमाडौं

## १. आयोगको स्वरुप र प्रकृति

नेपालको संविधानको भाग २३ धारा २४२ को उपधारा (१) मा लोक सेवा आयोगको गठन सम्बन्धी व्यवस्था गरिएको छ । जसअनुसार लोक सेवा आयोगमा अध्यक्ष र अन्य चारजना सदस्य रहने प्रावधान छ । राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिशमा लोक सेवा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने व्यवस्था छ । यसरी नियुक्ति गर्दा आयोगका सदस्यहरूमध्ये कम्तीमा पचास प्रतिशत सदस्य बीस वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुनेछन् ।

मिति २०७८/०३/१० मा नियुक्त आयोगका माननीय अध्यक्ष तथा सदस्यहरूको नामावली यस प्रकार रहेको छ ।

| | |
|---|---|
| अध्यक्ष | श्री माधव प्रसाद रेग्मी |
| सदस्य | श्री माधव वेल्वासे |
| सदस्य | श्री वीर बहादुर राई |
| सदस्य | श्री दिनेश सिलवाल |
| सदस्य | श्री मन्जु कुमारी |

आयोगको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाडौंमा रहेको छ । आयोग अन्तर्गत देहाय अनुरुप राजपत्रांकित प्रथम श्रेणीका कार्यालय प्रमुख हुने ७ वटा कार्यालयहरु र राजपत्रांकित द्वितीय श्रेणीका कार्यालय प्रमुख हुने ७ वटा कार्यालयहरु र एक दरखास्त व्यवस्थापन केन्द्र रहेका छन् ।

| क्र.सं. | रा.प.प्रथम श्रेणी प्रमुख हुने कार्यालयहरु | क्र.सं. | रा.प.द्वितीय श्रेणी प्रमुख हुने कार्यालयहरु |
|---|---|---|---|
| १. | लोक सेवा आयोग, धनकुटा कार्यालय | १. | लोक सेवा आयोग, इलाम कार्यालय |
| २. | लोक सेवा आयोग, जलेश्वर कार्यालय | २. | लोक सेवा आयोग, खोटाङ कार्यालय |
| ३. | लोक सेवा आयोग, काठमाडौं कार्यालय | ३. | लोक सेवा आयोग, हेटौंडा कार्यालय |
| ४. | लोक सेवा आयोग, पोखरा कार्यालय | ४. | लोक सेवा आयोग, बागलुङ कार्यालय |
| ५. | लोक सेवा आयोग, बुटवल कार्यालय | ५. | लोक सेवा आयोग, दाङ कार्यालय |
| ६. | लोक सेवा आयोग, सुर्खेत कार्यालय | ६. | लोक सेवा आयोग, जुम्ला कार्यालय |
| ७. | लोक सेवा आयोग, दिपायल कार्यालय | ७. | लोक सेवा आयोग, महेन्द्रनगर कार्यालय |
| | | ८. | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर, काठमाडौं |

## २. आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा २४३ मा आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोकिएको छ :

(१) निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हुनेछ ।
स्पष्टीकरण : यस धाराको प्रयोजनका लागि "निजामती सेवाको पद" भन्नाले सैनिक वा नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपालको कर्मचारीको सेवाको पद तथा निजामती सेवाको पद होइन भनी ऐन बमोजिम तोकिएको अन्य सेवाको पद बाहेक नेपाल सरकारका अरु सबै सेवाको पद सम्झनु पर्छ ।

(२) निजामती सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिईने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्नेछ ।
स्पष्टीकरण : यस धाराको प्रयोजनका लागि "संगठित संस्था" भन्नाले विश्वविद्यालय र शिक्षक सेवा आयोग बाहेकका पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा संघीय कानून बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद र यस्तै प्रकृतिका अन्य संगठित संस्था सम्झनु पर्छ ।

(३) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र अन्य संघीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ ।

(४) कुनै संगठित संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ ।

(५) नेपाल सरकारबाट निवृत्तिभरण पाउने पदमा लोक सेवा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन ।

(६) देहायका विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ :-

(क) संघीय निजामती सेवाको शर्त सम्बन्धी कानूनको विषयमा,

(ख) संघीय निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ग) संघीय निजामती सेवाको पदमा छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको संघीय निजामती सेवाको पदबाट अर्को प्रकारको संघीय निजामती सेवाको पदमा वा अन्य सरकारी सेवाबाट संघीय निजामती सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको निजामती सेवाको पदबाट संघीय निजामती सेवाको पदमा वा संघीय निजामती सेवाको पदबाट प्रदेश निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ङ) लोक सेवा आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई लोक सेवा आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा, र

(च) संघीय निजामती सेवाको कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।

(७) उपधारा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि धारा १५४ बमोजिमको न्याय सेवा आयोगको अधिकार क्षेत्रभित्र पर्ने विषयमा सोही बमोजिम हुनेछ ।

(८) लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(९) लोक सेवा आयोगको अन्य काम, कर्तव्य र अधिकार संघीय कानून बमोजिम हुनेछ ।

## ३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण

| सि.नं. | कार्यालयको नाम | स्वीकृत दरबन्दी संख्या | कार्यरत कर्मचारी संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | जम्मा | |
| १. | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | १९३ | १६८ | २५ | १९३ | |
| २. | लोक सेवा आयोग, धनकुटा कार्यालय | १५ | ११ | २ | १३ | कर्मचारी सरुवा, बढुवाको कारण केही समय पदहरु रिक्त तथा पूर्ति हुने क्रम भइरहने |
| ३. | लोक सेवा आयोग, जलेश्वर कार्यालय | १५ | ११ | ३ | १४ | |
| ४. | लोक सेवा आयोग, काठमाडौं कार्यालय | २७ | २३ | ३ | २६ | |
| ५. | लोक सेवा आयोग, पोखरा कार्यालय | १५ | १२ | ३ | १५ | |
| ६. | लोक सेवा आयोग, बुटवल कार्यालय | १५ | ११ | ४ | १५ | |
| ७. | लोक सेवा आयोग, सुर्खेत कार्यालय | १५ | १० | ४ | १४ | |
| ८. | लोक सेवा आयोग, दिपायल कार्यालय | १५ | १२ | २ | १४ | |
| ९. | लोक सेवा आयोग, इलाम कार्यालय | ११ | ६ | २ | ८ | |
| १०. | लोक सेवा आयोग, खोटाङ कार्यालय | ११ | ६ | ४ | १० | |
| ११. | लोक सेवा आयोग, हेटौंडा कार्यालय | ११ | ५ | २ | ७ | |
| १२. | लोक सेवा आयोग, बागलुङ कार्यालय | ११ | ७ | ३ | १० | |
| १३. | लोक सेवा आयोग, दाङ कार्यालय | ११ | ३ | ४ | ७ | |
| १४. | लोक सेवा आयोग, जुम्ला कार्यालय | ११ | ४ | ३ | ७ | |
| १५. | लोक सेवा आयोग, महेन्द्रनगर कार्यालय | ११ | ४ | २ | ६ | |
| १६. | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर | १२ | ८ | ३ | ११ | |

## ३.१ आयोगको स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण अनुसार निम्न बमोजिम महाशाखाहरु रहेका छन् :

### ३.१.१ प्रशासन तथा निरीक्षण महाशाखा

१. आयोगको कर्मचारी प्रशासन र जनसम्पर्क सम्बन्धी कार्य गर्ने ।
२. आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण तथा सुधार गर्ने ।
३. वार्षिक योजना तयारी, कार्यान्वयन तथा प्रतिवेदन सम्बन्धी कार्य गर्ने ।
४. बजेट तयार गर्ने, लेखा संचालन गर्ने, नगदी, जिन्सी, राजस्व आदिको दुरुस्त हिसाब राख्ने र लेखा परीक्षण गराउने ।
५. मातहतका निकायहरुको निरीक्षण तथा सुपरीवेक्षण गर्ने ⁄ गराउने ।
६. अन्तर्राष्ट्रिय एवम् प्रादेशिक लोक सेवा आयोगसँग समन्वय गर्ने ।
७. आयोगको वार्षिक प्रतिवेदन तथा निजामती सेवा पत्रिका, बुलेटिन, समाचारपत्रहरुको तयारी तथा प्रकाशन गर्ने ।
८. आवधिक प्रतिवेदन तयारी, प्रकाशन तथा व्यवस्थापन गर्ने ।
९. केन्द्रीय प्रतिनिधि खटनपटन सम्बन्धी कार्य गर्ने ।
१०. आयोगका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन, आन्तरिक सरुवा, बढुवा, काज, सहमति, बिदा सम्बन्धी कार्य गर्ने ।
११. विभिन्न सेवा, समूह र उपसमूहका अधिकृतस्तरको प्रतिशत निर्धारण सम्बन्धी कार्य गर्ने ।
१२. सूचना सञ्चार प्रविधि सम्बन्धी कार्य गरी आयोगको काम छिटो, छरितो गराउने ।
१३. विज्ञापन प्रकाशनका लागि आवश्यक पर्ने पाठ्यक्रम र न्यूनतम योग्यता सम्बन्धमा आवश्यक समन्वय गर्ने ।

### ३.१.२ परीक्षा महाशाखा

१. परीक्षा सम्बन्धी आवश्यक नीति, नियम तर्जुमा सम्बन्धी कार्य व्यवस्थापन ।
२. प्रश्न निर्माणकर्तालाई न्यूनतम शैक्षिक योग्यता र पाठ्यक्रममा आधारित मार्गदर्शन तयार गरी कच्चा प्रश्नहरु संकलन एवम् प्रश्नपत्र बैंक (Question Bank) सम्बन्धी कार्य गर्ने ।
३. आयोगबाट संचालन हुने खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाहरु संचालन गर्ने ।
४. उत्तरपुस्तिकाहरुको सांकेतीकरण सम्बन्धी कार्य गर्ने ।
५. परीक्षाका उत्तरपुस्तिकाहरु परीक्षण गराउने ।
६. परीक्षा सञ्चालन, नतिजा तयारी तथा प्रकाशन सम्बन्धी कार्य गर्ने ।
७. Optical Mark Reader (OMR) एवम् अन्य प्रविधिवाट लिईने परीक्षाको उत्तरपुस्तिकाको संकलन, परीक्षण तथा नतिजा प्रकाशन सम्बन्धी कार्य गर्ने साथै, आवश्यकतानुसार टिम (टोली) बनाई परीक्षण कार्य गर्न निर्देशन भए अनुरुप कार्य गराउने ।

### ३.१.३ प्रश्नपत्र परिमार्जन एवं सिफारिश महाशाखा

१. परीक्षाका लागि आवश्यक प्रश्नपत्र परिमार्जन गराउने ।
२. अन्तर्वार्तासम्बन्धी कार्य गर्ने र अन्तर्वार्ता सम्बन्धी आवश्यक मार्गदर्शन तयार गरी लागू गर्ने ⁄ गराउने ।
३. परीक्षा (लिखित एवं अन्तर्वार्ता) मा उत्तीर्ण उम्मेदवारहरुको माग बमोजिम सिफारिश गर्ने ।

### ३.१.४ परीक्षण प्रविधि, अनुसन्धान तथा पाठ्यक्रम महाशाखा

१. आयोगबाट हुने परीक्षाहरुको लागि पाठ्यक्रम, परीक्षण प्रविधि, अनुसन्धान तथा विकास सम्बन्धी कार्य गर्ने ।
२. निजामती सेवाको विभिन्न पक्षमा अनुसन्धानात्मक अध्ययन विश्लेषण र विकास ।
३. आयोगको कामसंग सम्बन्धित विभिन्न पक्षको अध्ययन तथा अनुसन्धान ।
४. शैक्षिक योग्यता निर्धारण र उपाधिको मान्यता ।
५. आयोगका सबै महाशाखा प्रमुखहरु रहेको अनुसन्धान व्यवस्थापन समूह (Research Management Team) ले पहिचान गरेका विषयहरुमा अनुसन्धान गर्ने ।

### ३.१.५ कानून महाशाखा

१. निजामती सेवा सम्बन्धी कानून तथा सेवा परिवर्तन सम्बन्धी विषयमा परामर्श सम्बन्धी कार्य गर्ने ।
२. सैनिक सेवा, सशस्त्र प्रहरी सेवा, प्रहरी सेवा र सरकारी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श सम्बन्धी कार्य गर्ने ।
३. कुनै सार्वजनिक संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी प्रचलित कानून र त्यस्तो सेवाका पदको नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श प्रदान गर्ने ।
४. निजामती कर्मचारीको बढुवा उजुरी, रिट निवेदनका लिखित जवाफ सम्बन्धी कार्य ।
५. आयोगलाई कानुनी परामर्श दिने, आयोगको ऐन, नियम, निर्देशिका, कार्यविधि आदिको तर्जुमा ।

### ३.१.६ सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा

१. सुरक्षा निकाय तथा संगठित संस्थाहरुको लिखित परीक्षा सम्बन्धी आवश्यक नीति, नियम तर्जुमा सम्बन्धी कार्य गर्ने ।
२. सुरक्षा निकाय तथा संगठित संस्थाहरुको विभिन्न परीक्षाहरुका लागि कच्चा प्रश्नहरु संकलन सम्बन्धी कार्य गर्ने ।
३. सुरक्षा निकाय तथा संगठित संस्थाहरुको लागि खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाहरु संचालन गर्ने ।
४. सुरक्षा निकाय तथा संगठित संस्थाहरुको परीक्षाको उत्तरपुस्तिकाहरुको संकेतीकरण सम्बन्धी कार्य गर्ने ।
५. सुरक्षा निकाय तथा संगठित संस्थाहरुको परीक्षाका उत्तरपुस्तिकाहरु परीक्षण गराउने कार्य गर्ने ।
६. सुरक्षा निकाय तथा संगठित संस्थाहरुको परीक्षा संचालन, नतिजा तयारी तथा प्रकाशन सम्बन्धी कार्य गर्ने ।

## ४. आयोगबाट प्रदान गरिने सेवा

१. वार्षिक कार्यतालिका प्रकाशन
२. माग पद संकलन
३. प्रतिशत निर्धारण
४. शैक्षिक योग्यता एवं पाठ्यक्रम निर्माण, परिमार्जन र संशोधन
५. विज्ञापन प्रकाशन
६. दरखास्त संकलन
७. प्रश्नपत्र निर्माण र परिमार्जन
८. प्रतियोगितात्मक लिखित परीक्षा सञ्चालन
९. उत्तरपुस्तिकामा दोहोरो कोडिङ्ग
१०. उत्तरपुस्तिका परीक्षण
११. लिखित नतिजा प्रकाशन
१२. प्रयोगात्मक परीक्षा तथा सीप परीक्षण (प्रयोगात्मक परीक्षा तथा सीप परीक्षण हुने पदहरुको लागि)
१३. सामूहिक परीक्षण (सामूहिक परीक्षण हुने पदहरुको लागि)
१४. अन्तर्वार्ता
१५. सिफारिस
१६. बढुवा सम्बन्धी उजूरीमा आवश्यक छानविन गरी आवश्यक निर्णय गर्ने ।
१७. रिक्त पदहरुको नियुक्ति, पदस्थापना लगायतका विषयमा निरीक्षण गर्ने ।

## ५. केन्द्रीय कार्यालयमा सेवा प्रदान गर्ने निकायको महाशाखा, शाखा र जिम्मेवार अधिकारी

| क्र. सं. | महाशाखा र महाशाखा प्रमुखको नाम | शाखाहरुको नाम | शाखा प्रमुखहरुको नाम (उपसचिव) |
|---|---|---|---|
| १. | प्रशासन तथा निरीक्षण महाशाखा सहसचिव श्री गीता कुमारी होमेगाई | क) सूचना तथा प्रकाशन शाखा | श्री देवीप्रसाद सुवेदी |
| | | ख) प्रशासन शाखा | श्री हिमलाल भण्डारी |
| | | ग) आर्थिक प्रशासन शाखा | श्री उदयराज भट्टराई |
| | | घ) सूचना सञ्चार प्रविधि शाखा | श्री राम गोविन्द अर्याल |
| २. | अन्तर्वार्ता तथा सिफारिस महाशाखा सहसचिव श्री प्रेमप्रसाद पौडेल | क) प्रश्नपत्र परिमार्जन शाखा | श्री कुमार प्रसाद पौडेल |
| | | ख) अन्तर्वार्ता तथा सिफारिश शाखा | श्री केशव शर्मा |
| | | ग) प्रश्नपत्र परिमार्जन शाखा (सुरक्षा निकाय तथा संगठित संस्था) | श्री दुर्गा प्रसाद पराजुली |
| ३. | परीक्षा महाशाखा सहसचिव श्री तोयनारायण सुवेदी | क) परीक्षा सञ्चालन शाखा | श्री एक नारायण शर्मा |
| | | ख) लिखित परीक्षा नतिजा तयारी शाखा (अप्राविधिक) | श्री युवराज पोखरेल |
| | | ग) लिखित परीक्षा नतिजा तयारी शाखा (प्राविधिक) | श्री सुशिला पौडेल ढकाल |
| | | घ) लिखित परीक्षा नतिजा प्रकाशन शाखा | श्री उमेश कुमार पोखरेल |
| ४. | परीक्षण प्रविधि, अनुसन्धान तथा पाठ्यक्रम महाशाखा श्री खगेन्द्र प्रसाद सुवेदी | क) परीक्षण प्रविधि शाखा | श्री सर्मुनलाल शाक्य |
| | | ख) पाठ्यक्रम तथा मूल्याङ्कन शाखा | श्री कृष्ण जि.सी. |
| | | ग) अनुसन्धान तथा विकास शाखा | श्री अर्जुन प्रसाद रेग्मी |
| ५. | कानून महाशाखा सहसचिव श्री दल बहादुर अधिकारी | क) नीति नियम तथा अभिलेख शाखा | श्री नारायण प्रसाद ज्ञवाली |
| | | ख) उजुरी तथा विभागीय सजाय परामर्श शाखा | श्री लोकहरि कंडेल |
| ६. | सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा श्री बलदेव जोशी | क) लिखित परीक्षा सञ्चालन शाखा | श्री प्रकाश गुरुङ |
| | | ख) लिखित परीक्षा नतिजा तयारी शाखा | श्री निरञ्जन श्रेष्ठ |
| | | ग) लिखित परीक्षा नतिजा प्रकाशन शाखा | श्री सूर्यप्रसाद सापकोटा |

आयोग अन्तर्गतका अन्य कार्यालयहरुमा पनि प्रशासन तथा निरीक्षण, परीक्षा सञ्चालन, अन्तर्वार्ता तथा सिफारिस, सुरक्षा निकाय तथा संगठित संस्था शाखाहरु रहेका छन् ।

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

### (क) दरखास्त दस्तुर

आयोगबाट विभिन्न कामको सिलसिलामा लिइने दस्तुर, शुल्क आदिलाई निम्न बमोजिम कायम गर्ने व्यवस्था गरिएको छ।

**दरखास्त दस्तुर तथा शुल्क विवरण (बढुवाको लागि समेत)**

| क्र.सं. | तह/श्रेणी | दस्तुर (रु.) |
|---|---|---|
| १. | राजपत्राङ्कित प्रथम श्रेणी/एघारौं र बाह्रौं तह | २५००/- |
| २. | राजपत्राङ्कित द्वितीय श्रेणी/नवौं र दशौं तह | २०००/- |
| ३. | राजपत्राङ्कित तृतीय श्रेणी/छैठौं, सातौं र आठौं तह | १२००/- |
| ४. | राजपत्र अनङ्कित प्रथम श्रेणी/पाँचौं तह | ७००/- |
| ५. | राजपत्र अनङ्कित द्वितीय श्रेणी/चौथो तह/टाइपिष्ट | ५००/- |
| ६. | राजपत्र अनङ्कित तृतीय श्रेणी/तृतीय तह | ४००/- |
| ७. | राजपत्र अनङ्कित चतुर्थ श्रेणी | ३००/- |
| ८. | सवारी चालक | २५०/- |
| ९. | कार्यालय सहयोगी | २००/- |

समान श्रेणी/तहको विभिन्न पदको संयुक्त परीक्षा हुने गरी विज्ञापन भएकोमा प्रति थप समूह/पत्रको लागि निम्न बमोजिमको परीक्षा दस्तुर तोकिएको छ :

| क्र.सं. | तह/श्रेणी | दस्तुर (रु.) |
|---|---|---|
| १. | राजपत्राङ्कित प्रथम श्रेणी/एघारौं र बाह्रौं तह | ६००/- |
| २. | राजपत्राङ्कित द्वितीय श्रेणी/नवौं र दशौं तह | ५००/- |
| ३. | राजपत्राङ्कित तृतीय श्रेणी/छैठौं, सातौं र आठौं तह | ४००/- |
| ४. | राजपत्र अनङ्कित प्रथम श्रेणी/पाँचौं तह | २००/- |
| ५. | राजपत्र अनङ्कित द्वितीय श्रेणी/चौथो तह | १५०/- |
| ६. | राजपत्र अनङ्कित तृतीय श्रेणी/तृतीय तह | १००/- |
| ७. | श्रेणीविहीन | १००/- |

(ख) **विविध दस्तुर**

| क्र.सं. | विवरण | दस्तुर (रु.) |
|---|---|---|
| १. | प्रवेश पत्र हराएमा प्रवेशपत्रको प्रतिलिपि प्राप्त गर्न | १००/- |
| २. | परीक्षा हुने पहिलो दिन प्रवेशपत्र नलिइ आएमा सोको प्रतिलिपिका लागि निवेदन दस्तुर | १००/- |
| ३. | छुट वा अग्रीम अन्तर्वार्ता दस्तुर (किरिया बस्नु पर्ने वा सुत्केरी भएको अवस्था बाहेक) | राजपत्राङ्कित पदको लागि : ३०००/-<br>राजपत्र अनङ्कित पदको लागि : १०००/- |
| ४. | बढुवा उजूरीको निवेदन दस्तुर | राजपत्राङ्कित पदको लागि : ३०००/-<br>राजपत्र अनङ्कित पदको लागि : १५००/- |
| ५. | पुनर्योग निवेदन दस्तुर | सम्बन्धित पदको लागि तोकिएको दरखास्त दस्तुरको आधा रकम |

## ७. निवेदन, उजूरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

**(क) प्रक्रिया**

- सूचना मागकर्ताले आफूले माग गरेको सूचना सहितको विवरण उल्लेख गरी आयोगको सूचना अधिकारीलाई सम्बोधन गरी निवेदन दिनु पर्ने ।
- निवेदकले माग गरे बमोजिमको सूचना तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको भएमा सूचना अधिकारीले कारण सहित सूचना उपलब्ध गराउने समय तोकी सोको जानकारी निवेदकलाई गराइनेछ ।
- सूचना अधिकारी समक्ष माग गरिएको सूचना आफूभन्दा माथिल्लो तहबाट निर्णय गराउनु पर्ने भएमा सो को जानकारी सूचना मागकर्तालाई तत्काल गराई १५ दिनभित्र सूचना माग निवेदन उपर भएको निर्णय उपलब्ध गराइनेछ ।
- सूचना मागकर्ताले माग गरेको विवरण स्थलगत भ्रमणबाट दिन सकिने अवस्था भएमा सूचना अधिकारीलाई स्थलगत भ्रमण गरी प्रतिवेदन पेश गर्न लगाउन सकिनेछ । यसरी भ्रमण गरीसकेपछि भ्रमणमा खटिने पदाधिकारीले माग सूचनाको सम्बन्धमा प्रतिवेदन पेश गर्नुपर्नेछ। प्राप्त प्रतिवेदनका आधारमा निर्णय गराउन आवश्यक भए निर्णय गराई र निर्णय गराउन आवश्यक नभए सोझै सूचना अधिकारीले आवश्यकता अनुसारको सूचना मागकर्तालाई उपलब्ध गराइनेछ ।
- लोक सेवा आयोगको ऐन, नियम तथा निर्देशिकाले सूचना प्रवाह गर्न नमिल्ने, गोप्य रहने भनी तोकिएको विषयमा सूचना प्रवाह गरिने छैन ।
- अन्य विषयको निर्णय विषयको कार्यप्रकृति अनुसार टिप्पणी, समूह प्रतिवेदन, छलफल आदिका आधारमा हुने गर्दछ ।

**(ख) निर्णय गर्ने अधिकारी**

- सूचनासँग सम्बन्धित विषयको प्रकृति अनुसार आयोगका सचिव एवं आयोग

## ८. सूचना अधिकारीले उपलब्ध गराएको सूचना उपर उजुरी सुन्ने अधिकारी

सचिव श्री राजकुमार श्रेष्ठ

## ९. सम्पादन गरेको कामको विवरण (२०७९ कार्तिक-पौष)

**लिखित परीक्षा संचालन**

- आ.व. २०७९/०८० को रा.प.प्रथम श्रेणीका प्राविधिक/अप्राविधिक पदहरु, अधिकृत प्रथम श्रेणी तथा स्वास्थ्य सेवाका एघारौं तहका पदहरुका लिखित परीक्षा
- आ.व. ०७७-०७८ को रा.प.अनं. द्वितीय श्रेणी (अप्राविधिक) आ.प्र., खुला तथा समावेशी खरिदार वा सो सरह पदको द्वितीय चरणको परीक्षा
- आ.व. ०७८-०७९ (आ.प्र., खुला तथा समावेशी) अप्राविधिक खरिदार वा सो सरह पदको द्वितीय चरणको लिखित परीक्षा
- औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, निक्षेप तथा कर्जा सुरक्षण कोष, नेपाल राष्ट्र बैंक, नेपाल आयल निगम, नेपाली सेना र नेपाल धितोपत्र बोर्डका विभिन्न पदहरुको लिखित परीक्षा

**सिफारिस**

- आ.व.०७८/७९ को विज्ञापनका स्वास्थ्य सेवाका सातौं र नवौं तहका पदहरु
- आ.व. ०७७/०७८ को रा.प.अनं. प्रथम श्रेणी (अप्राविधिक) नायब सुब्बा वा सो सरह पदको विभिन्न कार्यालयका विभिन्न विज्ञापनहरुको सिफारिस

**विभागीय सजायको लागि परामर्श पठाइएको संख्या : ०**

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

कार्यालय प्रमुख (सचिव) श्री राजकुमार श्रेष्ठ

सूचना अधिकारी (उपसचिव) श्री देवी प्रसाद सुवेदी

| क्र.सं. | निकायहरुको नाम | सूचना अधिकारीको पद, नाम र थर | कार्यालयको सम्पर्क नं. |
|---|---|---|---|
| १. | लोक सेवा आयोग, धनकुटा कार्यालय | शाखा अधिकृत, विदुर गौतम | ०२६-५२०१३०/५२०१५१, ९८४२६२९८०३ |
| २. | लोक सेवा आयोग, जलेश्वर कार्यालय | शाखा अधिकृत, सुरेशबाबु घिमिरे | ०४४-५२०१४७, ९८५४०३३१४७ |
| ३. | लोक सेवा आयोग, काठमाडौं कार्यालय | शाखा अधिकृत, पुष्पराज खनाल | ०१-४११५८३३, ९८५११५७४१७ |
| ४. | लोक सेवा आयोग, पोखरा कार्यालय | शाखा अधिकृत, टंकप्रसाद पन्थी | ०६१-४६३१४५/४६३५०६, ९८४१९१८००५ |
| ५. | लोक सेवा आयोग, बुटवल कार्यालय | शाखा अधिकृत, कृष्णप्रसाद हुमागाईं | ०७१-५४०२०७, ९८४३५२०४२४ |
| ६. | लोक सेवा आयोग, सुर्खेत कार्यालय | शाखा अधिकृत, मिलन राई | ०८३-५२०१०६, ९८६००५८५९८ |
| ७. | लोक सेवा आयोग, दिपायल कार्यालय | शाखा अधिकृत, रमेश कुमार कटुवाल | ०९४-४४०१४७, ९८४१५९५९७३ |
| ८. | लोक सेवा आयोग, इलाम कार्यालय | शाखा अधिकृत, नारायण प्रसाद भट्टराई | ०२७-५२००६२, ९८४१५२४२४० |
| ९. | लोक सेवा आयोग, खोटाङ कार्यालय | शाखा अधिकृत, ध्रुव राई | ०३६-४२०१७७, ९८५२६८४४८८ |
| १०. | लोक सेवा आयोग, हेटौंडा कार्यालय | शाखा अधिकृत, बद्रीनाथ सापकोटा | ०५७-५२०३०२, ९८४५०८१६७७ |
| ११. | लोक सेवा आयोग, बाग्लुङ कार्यालय | शाखा अधिकृत, भुवनहरि अधिकारी | ०६८-५२२६४७, ९८४१५०३४०३ |
| १२. | लोक सेवा आयोग, दाङ कार्यालय | शाखा अधिकृत, सन्तोष कुमार चौधरी | ०८२-५२००१३, ९८६०१८६९५३ |
| १३. | लोक सेवा आयोग, जुम्ला कार्यालय | शाखा अधिकृत, भरत खनाल | ०८७-५२०००८, ९८४८०७५५५६ |
| १४. | लोक सेवा आयोग, महेन्द्रनगर कार्यालय | शाखा अधिकृत, खगेन्द्रप्रसाद भट्ट | ०९९-५२१२०९, ९८४९५०७८९१ |
| १५. | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर | शाखा अधिकृत, माधब घिमिरे | ०१-४७७१२१४, ९८४९११११९९ |

## ११. आयोगका कार्यसञ्चालनमा प्रयोग हुने ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- नेपालको संविधान
- लोक सेवा आयोग ऐन, २०७९ तथा लोक सेवा आयोग नियमावली, २०७९
- निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५
- संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा संघीय संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५
- विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरु
- सुरक्षा निकायहरु (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग) तथा संगठित संस्थाहरु सम्बन्धी ऐन, नियमावलीहरु
- लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९
- लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुको आचारसंहिता, २०६९

- लोक सेवा आयोगबाट जारी विभिन्न निर्देशिका तथा लोक सेवा आयोगका समय-समयका निर्णयहरु
- सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु
- लोक सेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरु
- अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण (आ.व. २०७९।०८० कार्तिक-पौष)

**बजेट उपशिर्षक नं: २१०००११४**
**बजेट उपशिर्षकको नाम: लोक सेवा आयोग (प्रशासनिक खर्च समेत)**

| खर्च/वित्तीय संकेत नं. | खर्च/वित्तीय संकेतको नाम | अन्तिम बजेट | पौष महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | पौष महिनाको खर्च | पौष महिना सम्मको खर्च | पेश्की | पेश्की वाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| ३११२२ | मेशिनरी तथा औजार | ३,६००,०००.०० | - | १२९,३८५.०० | ६९,४९५.०० | १९८,८८०.०० | ० | १९८,८८०.०० | ३,४०१,१२०.०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | १,०००,०००.०० | - | - | ३५३,४६४.०० | ३५३,४६४.०० | ० | ३५३,४६४.०० | ६४६,५३६.०० |
| ३११७१ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १,०००,०००.०० | - | ९१,१८०.०० | ४३३,४१५.०० | ५२४,५९५.०० | ० | ५२४,५९५.०० | ४७५,४०५.०० |
| कूल जम्मा | | ५,६००,०००.०० | - | २२०,५६५.०० | ८५६,३७४.०० | १,०७६,९३९.०० | - | १,०७६,९३९.०० | ४,५२३,०६१.०० |

**बजेट उपशिर्षक नं: २१००००१३**
**बजेट उपशिर्षकको नाम: लोक सेवा आयोग**

| खर्च/वित्तीय संकेत नं. | खर्च/वित्तीय संकेतको नाम | अन्तिम बजेट | पौष महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | पौष महिनाको खर्च | पौष महिना सम्मको खर्च | पेश्की | पेश्की वाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २१११२ | पारिश्रमिक पदाधिकारी | ४,८००,०००.०० | ० | २,१८३,०९०.०० | ३६९,४४६.०० | २,५५२,५३६.०० | ० | २,५५२,५३६.०० | २,२४७,४६४.०० |
| २११४२ | पदाधिकारी अन्य सुविधा | ८००,०००.०० | ० | १६१,२००.०० | ६,८००.०० | १६८,०००.०० | ० | १६८,०००.०० | ६३२,०००.०० |
| २११४९ | पदाधिकारी अन्य भत्ता | १००,०००.०० | ० | २८,८००.०० | ३१,२००.०० | ६०,०००.०० | ० | ६०,०००.०० | ४०,०००.०० |
| २२२११ | इन्धन (पदाधिकारी) | ९००,०००.०० | ० | १३५,७५०.०० | २७,१५०.०० | १६२,९००.०० | ० | १६२,९००.०० | ७३७,१००.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ८००,०००.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ८००,०००.०० |
| २२६११ | अनुगमन मूल्यांकन खर्च | ५००,०००.०० | ० | ९७,३८७.०० | ८८१८१.०० | १८५,५६८.०० | ० | १८५,५६८.०० | ३१४,४३२.०० |
| कूल जम्मा | | ७,९००,०००.०० | ०.०० | २,६०६,२२७.०० | ५२२,७७७.०० | ३,१२९,००४.०० | ०.०० | ३,१२९,००४.०० | ४,७७०,९९६.०० |

**बजेट उपशिर्षक नं: २१०००११३**
**बजेट उपशिर्षकको नाम: लोक सेवा आयोग (प्रशासनिक खर्च समेत)**

| खर्च/ वित्तीय संकेत नं. | खर्च/वित्तीय संकेतको नाम | अन्तिम बजेट | पौष महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | पौष महिनाको खर्च | पौष महिना सम्मको खर्च | पेश्की | पेश्की वाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | ९७,१००,०००.०० | - | ५२,४६५,३८१.४० | ८,९५०,७७१.२० | ६१,४१६,१५२.६० | - | ६१,४१६,१५२.६० | ३५,६८३,८४७.४० |
| २११२१ | पोशाक | १,६००,०००.०० | - | - | - | - | - | - | १,६००,०००.०० |
| २११३२ | महंगी भत्ता | ३,९००,०००.०० | - | १,६४२,७३४.०० | ३३०,०००.०० | १,९७२,७३४.०० | - | १,९७२,७३४.०० | १,९२७,२६६.०० |
| २११३९ | अन्य भत्ता | १,५००,०००.०० | - | ८५०,५००.०० | - | ८५०,५००.०० | - | ८५०,५००.०० | ६४९,५००.०० |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १००,०००.०० | - | - | - | - | - | - | १००,०००.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | ८००,०००.०० | - | ३२८,०००.०० | ६९,९९९.४० | ३९७,९९९.४० | - | ३९७,९९९.४० | ४०२,०००.६० |

| खर्च/ वित्तीय संकेत नं. | खर्च/वित्तीय संकेतको नाम | अन्तिम बजेट | पौष महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | पौष महिनाको खर्च | पौष महिना सम्मको खर्च | पेश्की | पेश्की वाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २२१११ | पानी तथा बिजुली | ४,२००,०००.०० | - | १,५२८,९६६.०० | ४१८,८२६.०० | १,९४७,७९२.०० | - | १,९४७,७९२.०० | २,२५२,२०८.०० |
| २२११२ | संचार महशुल | १,५००,०००.०० | - | ५५,६९२.०० | २५३,०३५.०० | ३०८,७२७.०० | ३०,०००.०० | २७८,७२७.०० | १,१९१,२७३.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ४,५००,०००.०० | - | ८७६,४९६.०० | १,७०८,८६०.०० | २,५८५,३५६.०० | १,०००,०००.०० | १,५८५,३५६.०० | १,९१४,६४४.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २,८००,०००.०० | - | ७९५,९३७.०० | १,१९४,८२७.०० | १,९९०,७६४.०० | ५०,०००.०० | १,९४०,७६४.०० | ८०९,२३६.०० |
| २२२१४ | बिमा तथा नविकरण खर्च | ७००,०००.०० | - | - | - | - | - | - | ७००,०००.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | १,१००,०००.०० | - | ५०,९६३.०० | १५५,०३६.०० | २०५,९९९.०० | - | २०५,९९९.०० | ८९४,००१.०० |
| २२२९१ | अन्य सम्पति हरुको संचालन तथा सम्भार खर्च | २००,०००.०० | - | ४४,९८५.०० | - | ४४,९८५.०० | - | ४४,९८५.०० | १५५,०१५.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ३,४००,०००.०० | - | ८३६,२६१.०० | ८९६,८४४.०० | १,७३३,१०५.०० | १००,०००.०० | १,६३३,१०५.०० | १,६६६,८९५.०० |
| २२३१३ | पुस्तक तथा सामाग्री खर्च | ३००,०००.०० | - | ४३,५६७.०० | २९,७०४.०० | ७३,२७१.०० | - | ७३,२७१.०० | २२६,७२९.०० |
| २२३१४ | इन्धन अन्य प्रयोजन | २००,०००.०० | - | ७१,६००.०० | - | ७१,६००.०० | ५०,०००.०० | २१,६००.०० | १२८,४००.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई, सूचना प्रकाशन खर्च | ५००,०००.०० | - | १७२,०५७.०० | ४२,००७.०० | २१४,०६४.०० | - | २१४,०६४.०० | २८५,९३६.०० |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | २००,०००.०० | - | ७४,६४७.०० | - | ७४,६४७.०० | - | ७४,६४७.०० | १२५,३५३.०० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २,०००,०००.०० | - | - | - | - | - | - | २,०००,०००.०० |
| २२४१३ | करार सेवा शुल्क | १४,९००,०००.०० | - | ४,९७४,९३८.०० | १,३८४,४०२.०० | ६,३५९,३४०.०० | - | ६,३५९,३४०.०० | ८,५४०,६६०.०० |
| २२५११ | कर्मचारी तालिम खर्च | १००,०००.०० | - | - | - | - | - | - | १००,०००.०० |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठि सम्बन्धी खर्च | २,७००,०००.०० | - | ८९०,९७५.०० | - | ८९०,९७५.०० | ६००,०००.०० | २९०,९७५.०० | १,८०९,०२५.०० |
| २२५२२ | कार्यक्रम खर्च | ३,७००,०००.०० | - | १,३०७,९५०.०० | - | १,३०७,९५०.०० | ९००,०००.०० | ४०७,९५०.०० | २,३९२,०५०.०० |
| २२५२९ | विविध कार्यक्रम खर्च | १,२००,०००.०० | - | २२५,०००.०० | - | २२५,०००.०० | - | २२५,०००.०० | ९७५,०००.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | १,०००,०००.०० | - | १७१,९०३.०० | ६८,८००.०० | २४०,७०३.०० | - | २४०,७०३.०० | ७५९,२९७.०० |
| २२६१२ | भ्रमण खर्च | ८००,०००.०० | - | १०२,४३८.०० | - | १०२,४३८.०० | - | १०२,४३८.०० | ६९७,५६२.०० |
| २२७११ | विविध खर्च | ३८६,०००,०००.०० | - | १४३,१९९,७९१.७० | ३३,१७२,८२४.०० | १७६,३७२,६१५.७० | ४२,२८१,९०९.०० | १३४,०९०,७०६.७० | २०९,६२७,३८४.३० |
| २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | ५००,०००.०० | - | - | - | - | - | - | ५००,०००.०० |
| कूल जम्मा | | ५३७,५००,०००.०० | - | २१०,७१०,७८२.१० | ४८,६७५,९३५.६० | २५९,३८६,७१७.७० | ४५,०११,९०९.०० | २१४,३७४,८०८.७० | २७८,११३,२८२.३० |

## १३. तोकिए बमोजिमका अन्य विवरण

आ.व. २०७९/८० (कार्तिक-पौष) मा सूचना माग गरी परेका निवेदन संख्या : ४ (चार)
सूचना उपलब्ध गराइएको संख्या : ४ (चार)

## १४. अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरु

## १५. सार्वजनिक निकायको वेबसाइट

लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np रहेको छ ।

## १६. सूचना परियोजनाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

कुनै परियोजना नभएको

## १७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

नभएको

## १८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

आयोगको ऐन, नियमावलीमा गोप्य रहने भनी उल्लेख गरेका सूचना बाहेक सबै सूचनाहरु दैनिक रुपमा प्रकाशन हुने गरेको ।

## १९. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

- आयोगको वेबसाइट www.psc.gov.np
- हरेक बुधबार गोरखापत्रमा नियमित रुपमा र आवश्यकता अनुसार अन्य बारहरु पनि ।
- आयोगबाट प्रकाशन हुने बुलेटिन (सूचना पत्र)
- रेडियो नेपाल (प्रत्येक बुधबार राती ९:०० बजेको समाचार पछि)
- आयोगबाट त्रैमासिक रुपमा प्रकाशन हुने समाचारपत्र

# लोक सेवा आयोग

कमलपोखरी, काठमाडौं
फोन : ०१-४७७१३५५, फ्याक्स : ०१-४७७१४९०, पोष्ट बक्स नं. : ८९७९
ई-मेल : info@psc.gov.np, वेबसाइट : www.psc.gov.np